म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर


म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २४८ २०८१ साउन १६ गते बुधबार 31 July 2024, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-




## मुख्यमन्त्री लामाले पाए विश्वासको मत, पक्षमा ६४ मत



*प्रदेश सभामा सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री लामा ।*

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्नुभएको छ । मंगलबार बसेको प्रदेशसभा बैठकमा विश्वासको मत सम्बन्धी प्रस्तावमा मुख्यमन्त्री लामाको पक्षमा ६४ मत प्राप्त भएको हो । कुल ११० सदस्यीय प्रदेश सभामा विश्वासको मत प्राप्त गर्न ५६ जना प्रदेश सभा सदस्यको समर्थन आवश्यक हुन्छ । जसमा लामाले ६४ मत प्राप्त गर्नुभएको हो। उहाँलाई कांग्रेसका ३७ र एमालेका २७ जना प्रदेश सभा सदस्यले मत दिएका छन् ।

प्रदेशसभाको मंगलबारको बैठकमा उपस्थित कुल १०३ सदस्य मध्ये मुख्यमन्त्री लामाको विपक्षमा ३५ मत रह्यो भने ३ मत तटस्थ रह्यो । बैठकमा हाम्रो नेपाली पार्टीका ६ जना प्रदेश सभा सदस्य अनुपस्थित भए भने सभामुख मत विभाजनमा सहभागी हुनुभएन । बैठकमा हाम्रो नेपाली पार्टीका शैलेन्द्रमान बज्राचार्य, सरिता खड्गी, माओवादी केन्द्रकी राधिका तामाङ, राप्रपाका सुनिल केसी, कुमारी तामाङ र मोनिका श्रेष्ठ अनुपस्थित रहनुभयो ।

गत साउन ८ मा एमाले र कांग्रेसको गठबन्धनबाट प्रदेशको मुख्यमन्त्री नियुक्त हुनुभएका लामाले साउन १२ मा सरकारलाई पूर्णता दिनुभएको थियो । उहाँले १३ मन्त्रालयमा १४ मन्त्री नियुक्त गर्नुभएको छ ।

### बागमती प्रदेशसभामा संविधान संशोधनको बहस

## एमाले-कांग्रेस गठबन्धनको औचित्य पुष्टि हुँदैनः दुलाल

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशसभामा संविधान संशोधनको बहस सुरु भएको छ । सत्तापक्ष र प्रतिपक्षका दलहरुले आ-आफ्नो ढंगबाट संविधान संशोधनका सवालमा धारणा राखेका हुन् । बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले वर्तमान सरकारले राजनीतिक स्थिरता र व्यवस्थालाई बलियो बनाउन काम गर्ने बताउनुभयो। आर्थिक, सामाजिक रुपमा स्पष्ट कार्ययोजना निर्माण गरेर सरकार अघि बढ्ने उहाँले प्रतिवद्धता व्यक्त गर्नुभएको छ ।

सरकारका मन्त्रीहरुलाई अधिकतम समय हेटौँडामा रहेर काम गर्न उहाँले निर्देशित गर्नुभएको छ। संघीयता बलियो बनाउन संविधानको कार्यान्वयनका लागि संघीय सरकारसँग पहल गर्ने उहाँले बताउनुभयो । समस्याका विषयहरुमा छलफल गरेर प्रदेशको विकास र समृद्धिका लागि सबै दलहरुसँग सहकार्य गर्ने मुख्यमन्त्री लामाले बताउनुभएको छ । बैठकमा कांग्रेस संसदीय दलका उपनेता रामकृष्ण चित्रकारले देश र जनताको समृद्धिका लागि अहिलेको गठबन्धन सरकार निर्माण भएको बताउनुभयो । संविधानका केही अस्पष्टता हटाएर समृद्ध मुलुक निर्माण गर्न गठबन्धन निर्माण भएको उहाँले बताउनुभयो ।

साना दलहरुको खिचातानीका कारण रजनीतिक अस्थिरता कायम भएको उहाँको भनाई छ । संघीयतालाई मजबुद बनाएर आर्थिक, सामाजिक विकाससँगै नागरिकहरुलाई महशुस हुनेगरी सरकारले काम गर्ने उहाँको विश्वास रहेको छ। वर्तमान सरकारलाई असफल हुने कुनै छुट नरहेको उहाँले बताउनुभयो। कृषि क्षेत्रको विकासमा सरकारले जोड दिँदै पर्यटन र औद्योगिक विकासलाई समयानुकुल परिमार्जन गर्दै अघि बढ्ने उहाँको भनाई छ ।

बैठकमा एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाले राजनीतिक स्थिरता र मुलुकको समृद्धिका लागि अहिलेको गठबन्धन बनेको बताउनुभयो । केही त्रुटिहरु रहँदै गर्दा पनि संविधान जारी गरे नागरिकहरुलाई अधिकार प्रदान गरिएको उहाँले बताउनुभयो। संविधानमा रहेका समस्याहरु हटाउन अहिले राष्ट्रिय सहमतिको सरकार निर्माणको थालनी भएको उहाँले दावी गर्नुभयो ।

माओवादी केन्द्रका प्रदेश सभा सदस्य युवराज दुलाल 'शरद'ले सत्ता समीकरण निर्माणमा एमालेले माओवादीलाई झुक्याएको बताउनुभएको छ। प्रदेशसभाको मंगलबार बसेको बैठकमा धारणा राख्नुहुँदै उहाँले माओवादीले भ्रष्टाचारको फाइल उठाउँदा अमुक व्यवसायीको घरमा सत्ता समीकरणको सहमति बनेको बताउनुभयो । उहाँका अनुसार माओवादीको नेतृत्व घोटाला र भ्रष्टाचार विरुद्धमा रहेको छ ।

क्यालेण्डर अनुसार संविधान संशोधन नहुने उहाँको भनाई छ । संविधानमा रहेको सकारात्मक विभेदलाई नियन्त्रण गर्न र प्राप्त अधिकार मास्न अहिलेको गठबन्धन बनेको उहाँले आरोप छ। सत्ता गठबन्धनको सरकार औचित्य पुष्टि हुन नसक्ने दुलालले दावी गर्नुभयो। 'विहानीले दिनको झल्को दिन्छ। सुशासन र पद्दतीको सुरुवात हुनेछ । तर, मन्त्री नियुक्त भएर सपथ नगरी सभाहलमा बसिरहनु भएको छ । कति जना मन्त्री हुने हो ?' उहाँले भन्नुभयो, 'बहुमत अंक गणितमा होइन। गणित स्थायित्व होइन । स्थायित्व विचार हो । अहिलेको गणितमा बनेको समीकरण र बहुमत माथि शंका छ । माओवादी विचारमा सशक्त छ । माओवादीको नेतृत्वमा देश र जनतालाई हानी हुने काम भएको छैन ।'

सत्तापक्षमा नै राजनीतिक स्थायित्वका विषयमा बुझाई फरक भएको देखिएको उहाँको भनाई छ। कांग्रेस ठूला दलहरुको समीकरण राजनीतिक स्थायित्वका लागि भनिरहेको छ भने एमालेले लोकतन्त्रको अभ्यास सरकार र प्रतिपक्षमा हुनुलाई भनिरहेको उहाँले बताउनुभयो । बैठकमा राप्रपा संसदीय दलका नेता उद्धव थापाले साना दलको आड भरोसामा ठूला दलहरुले शासन सत्ता चलाइरहेको बताउनुभयो । संविधान संशोधनको स्पष्ट खाका नबनेकाले राप्रपा वर्तमान गठबन्धन सरकारलाई सघाउने पक्षमा नरहेको उहाँले बताउनुभयो । वर्तमान सरकारका कारण राप्रपाले बोक्दै आएको संघीयता खारेजी र धर्म निरपेक्षताको एजेण्डामा बल पुग्ने काम गरिरहेको उहाँले बताउनुभयो ।

त्यस्तै बैठकमा नेकपा एकीकृत समाजवादी संसदीय दलका नेता कृष्ण प्रसाद शर्मा खनालले गुटगत भागबण्डाका कारण संघीयता र संविधानलाई नै खतरा हुने काम भइरहेको बताउनुभयो । ठूला दलको गुटगत राजनीतिका कारण प्रदेश सरकारको प्रदेशका मन्त्री र मन्त्रालय निरन्तर बढिरहेको उहाँको भनाई छ । ठूला दलहरुले गुट मिलनको अखडा केन्द्रलाई बनाइरहेको उहाँले बताउनुभयो ।

केन्द्रमा सरकार परिवर्तन हुने बित्तिकै प्रदेशमा सरकार परिवर्तन हुनमा कुनै राजनीतिक तर्क नरहेको उहाँले बताउनुभयो । राजनीतिक स्थायित्वका नाममा विना विभागीय मन्त्री राख्ने र मन्त्रालय बढाउने काम भइरहेको उहाँले आरोप छ । दलहरुले स्थायित्व नै चाहेको हो भने प्रदेशमा ७ मन्त्रालय कायम गरी मितव्ययी हुन उहाँले चुनौति दिनुभयो । त्यसैगरी नेपाल मजदुर किसान पार्टी (नेमकिपा) संसदीय दलका नेता सुरेन्द्रराज गोसाईंले विगतदेखि नै प्रतिपक्षको भूमिकामा रहेकाले सिद्धान्त र एजेण्डा विहीन दिशामा अग्रसर नहुने बताउनुभयो । उहाँले नेमकिपा विचार, सिद्धान्त र नैतिकताको राजनीतिबाट विचलित नभई अडिग रहेको दावी गर्नुभयो । शासक दलहरु पद र प्रतिष्ठाको लोभमा नागरिक र देश माथि घात गर्न प्रेरित भएको उहाँको भनाई छ । नेमकिपाले ३० वर्ष अघि देश २ दलीय शासन व्यवस्थामा जाँदैछ भनेको र सोही दिशामा अहिलेको सरकार अघि बढेको उहाँले जीकिर गर्नुभयो ।

## बागमतीमा ७ वर्षमा ४ प्रदेश प्रमुख

रवीन्द्र वाईबा

हेटौंडाः केन्द्रमा हुने राजनीतिक परिघटनाका कारण प्रदेश प्रमुख पनि परिवर्तन हुने गरेका छन् । संघीयता कार्यान्वयनको ८ वर्ष पूरा गर्ने चरणमा अग्रसर हुँदै गर्दा बागमती प्रदेशले ४ प्रदेश प्रमुख प्राप्त गरेको छ । यसको प्रमुख कारण भनेको राजनीतिक घटनाको फेरबदल तथा संसदको अंकगणित नै हो ।

राजनीतिक दाउपेचका कारण छिटो-छिटो प्रदेश प्रमुखहरु फेरिने र राजनीतिक भागबण्डाका आधारमा प्रदेश प्रमुख नियुक्त हुने गरेका छन् । केन्द्रमा राष्ट्रपतिको कार्यकाल ५ वर्ष हुने र सोहीअनुसार प्रदेश प्रमुखको कार्यकाल पनि ५ वर्षको हुने व्यवस्था गरेपनि सरकार परिवर्तनसँगै प्रदेश प्रमुख फेरबदल हुने क्रम बढ्दो छ ।

नेपालको संविधानको धारा १६३ को (१) बमोजिम प्रत्येक प्रदेशमा नेपाल सरकारको प्रतिनिधिको रुपमा प्रदेश प्रमुख रहने व्यवस्था रहेको छ । सो धाराको उपधारा २ मा राष्ट्रपतिले प्रदेश प्रमुख नियुक्ति गर्ने र उपधारा ३ मा प्रदेश प्रमुखको पदावधि पाँच वर्ष हुने व्यवस्था रहेको छ । पदावधिअगावै राष्ट्रपतिले निजलाई पदमुक्त गर्नसक्ने प्रावधान संविधानमा रहेको छ । संघीय संसदको सदस्य हुन योग्य भएको, ३५ वर्ष उमेर पूरा भएको र कुनै कानुनले अयोग्य नभएको व्यक्ति प्रदेश प्रमुख नियुक्त हुनसक्ने संविधानको धारा १६४ को (क), (ख) र (ग)मा उल्लेख छ ।

संविधानको व्यवस्थाभन्दा फरक ढंगबाट समय अवधि अगावै बागमती प्रदेशले ४ प्रदेश प्रमुख प्राप्त गरेके हो । संघीयतापछिको पहिलो कार्यकालमा ३ प्रदेश प्रमुख प्राप्त गरेको थियो । हाल सरकार परिवर्तनसँगै समय अगावै बागमतीमा अर्को प्रदेश प्रमुख नियुक्त हुनुभएको छ ।

बागमती प्रदेशले ७ वर्ष समय अवधि पार नगर्दै चौथो प्रदेश प्रमुखलाई स्वागत गर्ने भएको छ। सुरुवातका २ प्रदेश प्रमुखले अत्यन्त कम अवधिमात्र काम गर्ने अवसर पाए भने पछिल्लो एक प्रदेश प्रमुखको कार्यकाल उनीहरुको भन्दा दोब्बर रह्यो ।

२०७४ माघ ३ गते तत्कालीन शेरबहादुर देउवा नेतृत्वको सरकारले बागमती प्रदेश प्रमुखमा अनुराधा कोइरालालाई पठाएको थियो। कोइरालालाई हटाएर २०७६ कात्तिकमा तत्कालीन केपी शर्मा ओली सरकारले विष्णु प्रसाईलाई प्रदेश प्रमुख नियुक्त गऱ्यो भने सरकार परिवर्तनसँगै २०७८ भदौमा शेरबहादुर देउवा नेतृत्वको सरकारले यादवचन्द्र शर्मालाई प्रदेश प्रमुखका रुपमा पठाएको थियो ।

संघीयता कार्यान्वयनको चरणमा पहिलो पटक अनुराधा कोइरालालाई तत्कालीन संघीय सरकारले २०७४ माघ ५ मा बागमती प्रदेशका लागि प्रदेश प्रमुख बनाएर पठाएको थियो । २०७४ को निर्वाचनपछि बनेको केपी शर्मा ओली नेतृत्वको सरकारले कोइरालालाई हटाएर विष्णुप्रसाद प्रसाईलाई प्रदेश प्रमुखको जिम्मेवारी दियो। कांग्रेसको कोटामा प्रदेश प्रमुख नियुक्त हुनुभएकी कोइरालाले १ वर्ष १० महिना अवधि बागमतीको प्रदेश प्रमुख हुने अवसर पाउनुभयो। उहाँले २०७४ माघ ५ देखि २०७६ कात्तिक १९ सम्म प्रदेश प्रमुखको भूमिका निर्वाह गर्नुभएको हो।

२०७६ कात्तिक १८ गते विष्णुप्रसाद प्रसाईंले प्रदेश प्रमुखको जिम्मेवारी लिनुभएको थियो। एमालेको कोटामा प्रदेश प्रमुख हुनुभएका उहाँले १ वर्ष ९ महिना कार्य गर्ने अवसर पाउनुभयो। २०७४ मा झापाको मेचीनगर नगरपालिकाको मेयर पदमा एमालेबाट निर्वाचनमा प्रतिस्पर्धा गरेका प्रसाई पराजित भएपछि प्रदेश प्रमुख नियुक्त हुनुभएको थियो ।

२०७७ फागुनमा नेकपा विभाजन भयो। एमाले र माओवादी केन्द्र साविककै अवस्थामा फर्किएको केही समयपछि मुलुकको राजनीतिक कोर्ष नै परिवर्तन भयो । सोपश्चात् ५ दलीय गठबन्धनको सरकार बनेसँगै २०७८ भदौ ३ गते प्रसाईलाई हटाएर यादवचन्द्र शर्मालाई प्रदेश प्रमुखको जिम्मेवारी थमाइयो । प्रसाईले २०७६ कत्तिकदेखि २०७८ भदौसम्म प्रदेश प्रमुख भएर कार्य गर्ने अवसर पाउनुभयो ।

२०७८ भदौ ४ मा प्रदेश प्रमुख नियुक्त हुनुभएका शर्मा एकीकृत समाजवादी निकट हुनुहुन्छ। माधवकुमार नेपालका विश्वासपात्र शर्मा सत्ता गठबन्धन परिवर्तनसँगै पदमुक्त हुनेमा स्पष्ट हुनुहुन्थ्यो । ३ वर्ष प्रदेश प्रमुखको जिम्मेवारी प्राप्त गर्नुभएका उहाँलाई २०८१ साउन १४ मा बसेको मन्त्रिपरिषद् बैठकले पदमुक्त गर्ने निर्णय गरेको छ भने बागमतीको प्रदेश प्रमुखमा दीपकप्रसाद देवकोटा नियुक्त हुनुभएको छ। धनगढीका देवकोटा एमाले अनुशासन आयोगका सदस्य हुनुहुन्थ्यो ।

### बागमतीको प्रदेश प्रमुखमा देवकोटा नियुक्त

हेटौँडाः बागमती प्रदेशको प्रदेश प्रमुखमा दीपकप्रसाद देवकोटा नियुक्त हुनुभएको छ । सोमबार बसेको नेपाल सरकारको मन्त्रिपरिषद् बैठकले देवकोटालाई बागमतीको प्रदेश प्रमुख नियुक्त गर्ने निर्णय गरेको हो ।

संघीय सरकारको निर्णयसँगै बागमतीको प्रदेश प्रमुख यादवचन्द्र शर्मा अब आफ्नो जिम्मेवारीबाट हट्ने हुनुभएको छ। २०७८ भदौ ३ मा बागमतीको प्रदेश प्रमुख नियुक्त हुनुभएका शर्मा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल निकट मानिनु हुन्छ। बैठकले देवकोटासहित लुम्बिनी र कर्णाली प्रदेश प्रमुख परिवर्तन गर्ने निर्णय गरेको छ । प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले भागबण्डाका आधारमा एमाले र कांग्रेसबाट प्रदेश प्रमुख नियुक्त गर्नुभएको हो । कर्णाली र लुम्बिनीमा कांग्रेसले प्रदेश प्रमुख पठाएको छ भने बागमतीमा नियुक्त भएका देवकोटा एमाले निकट हुनुहुन्छ।

सुदुरपश्चिम प्रदेशको कैलालीको धनगढीका देवकोटा शिक्षण पेशामा आवद्ध हुनुहुन्थ्यो। सहकारी अभियन्ता समेत रहनुभएका उहाँ एमाले अनुशासन आयोगको सदस्य समेत हुनुहुन्थ्यो।

हाम्रो सुमो सेवाको

नयाँ प्रस्तुती...



Electric Van
विद्युतीय भ्यानमा यात्रु सेवा





२०६८ सालदेखि हेटौंडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।

हेटौंडा-काठमाडौं-हेटौंडा

हेटौंडा-बीरगन्ज-हेटौंडा

साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कारपियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला ।

भेष खड्गी, सञ्चालक

हाम्रो सुवो सेवा

हेटौंडा-४, मेनरोड (बलराम दास एण्ड सन्स पेट्रोल पम्प नजिकै)

९८४५४-५७५०७, ९८४५०६८७८३

# शिक्षा



✍शुभम् खनाल

न्युटन, डार्बिन, आइन्स्टाइन असल मानिस बने
जिवन अघि बढ्दैन है यो भएन भने (२)

सुन्दर संसार हेर्नलाई यो आँखाको ज्योति
शिक्षा नै हो धन सम्पत्ति जस्तै हीरा मोति

मनको मैलो मेटिँदैन शिक्षा नभएमा
निरक्षर हुनुपर्छ स्कुल नगएमा (२)

ज्ञानको चक्षु खुल्नुपर्छ मान्छे मानिस हुन
शिक्षा पाई पुगेका छन् तारा जुन छुन (२)

विज्ञान र प्रविधिको आजको यो युग
भन्नु हुन्छ बुबाआमा टाढाटाढा पुग (२)


मनको आँगन झिलिमिलि हुन्छ शिक्षा पाए
ज्ञानी बन्छौं हामी पुस्तकसँग मित लाए (२)

शिक्षा नै हो जिवनको अमूल्य यो धन
शिक्षाबाट टाढा हुन मान्दैन यो मन (२)

आफुलाई चिनाउने राम्रो शिक्षा खोजौं
असल शिक्षा प्राप्त गरी सही बाटो रोजौं (२)

*कक्षा-९, बालज्योति मावि, हेटौंडा-५*

## बुधबारे बालसाहित्य



यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

**सम्पादक ।**

# मुक्तक



✍रोसिका भट्टराई

१
आमा बाबा गाउँमा भारी बोक्छन् म सहरमा छु
बाबाआमाको साथमा छैन, म यता कहरमा छु ।
बुढेसकालमा साहारा बने चाह हुँदा हुँदै आजभोलि
सुविधा र सहजताका निम्ति सहर भासिने रहरमा छु ।

२
गरिबीको रापले पोलेपछि बाँच्नलाई मुस्किल भएको छ ।
आफ्नाले पनि धोका दिएपछि छियाछिया दिल भएको छ ॥
घाउहरुमा मलमपछि लगाउने भन्दा घाउ कोट्याउने भेटिएपछि ।
यसरी हेपिएर होइन अब केही त गर्नै पर्छ भने फिलभएको छ ।


*कक्षा-८, अमर मावि, हेटौंडा-१*






सुयोग श्रेष्ठ
कक्षा:-५, ब्रम्हदिक् एकेडेमी
हेटौंडा-४

# चित्रकला



रोहन तिमल्सिना
बालजागृति इंग्लिस सेकेन्डरी स्कूल
हेटौंडा-२





वाङ्चु रुम्बा
कक्षा-७, फेमकल एकेडेमी
हेटौंडा-१३





सृष्टि श्रेष्ठ
युकेजी, लिटिल बडी प्रिस्कूल
हेटौंडा-४







रौनक केबी
कक्षा-३, जीएस निकेतन मावि
हेटौंडा-५






बिहान कार्की
कक्षा-४, कमाने एकेडेमी
हेटौंडा-८





खुशी खातुन, कक्षा-९
सिद्धार्थ शिशु सदन मावि, हेटौंडा-५

# गुडियाको सम्झना



**अनुष्मा रिमाल**

मेरो एक वर्षको अनुगम नाम गरेको भाइ थियो । भाइ अलि ठुलो हुँदै गयो । उसले त्यो गुडियाको नाम माया राख्यो । माया भनेको सुन्दा मेरो मन एकदमै खुसीले गद्‌गद् भयो ।

मायालाई खेलाउँदै "तिमीलाई कस्तो लागेको छ, नयाँ घर ?" भनेर मैले सोधेँ । मायाले नम्र स्वरमा "म निकै खुसी छु भनिन् ।" मलाई माया बोलेको सुन्दा मनमा आनन्द लागिरहेको थियो ।

"तिमी सधैँ मेरो साथी हुन्छौ, हैन त ? हामी धेरै रमाइलो गर्छौं ल" भन्दै उसलाई फकाउन थालेँ ।

मायाले पनि "हो, म तिम्रो सधैँभरिको साथी हुनेछु" भनिन् ।

"तिमी र मसँगै स्कुल जाने ल ? म मेरा सबै साथीहरुलाई भेटाउन चाहान्छु नि ।"

"नाई मलाई त फेरि तिम्रा साथीहरुले यता तान्छन् उता तान्छन् अनि म त च्यातिहाल्छु नि ।" मायाले अप्ठेरो मान्दै भनिन् ।

"हामी राति सँगै सुत्ने ल ? म तिमीलाई मेरा सबै कथाहरु, बाबाका कथाहरु सुनाउँछु नि ।"

मायाले बडो उत्सुक हुँदै "कथाहरु सुन्न मलाई पनि मनपर्छ ।"

"के तिमीलाई कुनै कथा थाहा छ ? मेरा बाबाले सधैँ सुत्ने बेलामा कस्ता राम्रा राम्रा कथाहरु सुनाउनुहुन्छ ।" मैले धाक दिँदै भनेँ ।

"तिमी मेरो जीवनमा आएको कोसेली हौ, उपहार हौ । मैले सधैँ चाहन्थेँ तिमीजस्तै मायालाई, तर सोचेको थिइनँ कि मेरा गुरुआमाहरुले ल्याइदिनुहुन्छ भनेर ।" आज म चङ्गा झैं उडेकी छु ।

"तिमीसँग रहन पाउँदा म पनि भाग्यमानी महसुस गर्छु ।" मायाले पनि थपी ।

म कहिले मायालाई काखमा राख्छु त कहिले माथि फालेर च्याप्पै समाउँछु त कहिले भाइलाई दिन्छु । माया पनि बेलाबेलामा आँखाबाट आँसु झारिरहन्थिन् । दुख्यो होला भनेर कति सम्झाउँथेँ । फकाउँथेँ । फुलाउँथेँ । चोटाकोठा सबैतिर डुलाउँथे ।

"तिमीलाई नयाँ कपडा पनि बनाइदिन्छु ल ।" भन्दै नरोऊ पनि भन्थेँ ।

नयाँ कपडा भन्नेवित्तिकै मायाको अनुहारमा चमक आउथ्यो । खुसी छाउथ्यो ।

"हामी सधैँ सँगै रहन्छौँ । तिमी, भाइ र म सधैँभरि साथी बन्ने ल ।"

"दैनिक रुपमा माया, भाइ र म सँगै खेल्थ्यौँ । एकदिन म विद्यालय जाने बेला मायाले मलाई भनिन् 'तिमी स्कूल नगएर मसँगै खेल न' तर म उसलाई फकाएर स्कुल जान्थेँ । म जब स्कूलबाट आउने बेला हुन्थ्यो । ऊ ढोकामा मेरो बाटो कुरेर बस्थिन् ।

"आज गृहकार्य छ कि छैन' भनेर सधैँ घर पुग्ने वित्तिकै सोध्थिन् । म गृहकार्य गर्ने बेला पनि उसलाई सँगै लिएर बस्थेँ । गृहकार्य सकाएर म उसँग खेल्न थाल्थेँ । त्यो बेला मेरो भाइ मसँग आएर चल्न थाल्थ्यो । म, माया र भाइ मिलेर कहिलेकाहीँ भाँडाकुटी पनि खेल्थ्यौँ ।

मेरो गुन्युचोली गर्ने रे भन्ने बित्तिकै मेरो मनमा अनेक कुराहरु खेलिरहेको थियो । कहिले आउँछ होला त्यो दिन भन्दै म औँला भाँचेर बसेकी थिएँ । मेरा बाबाममीले काठमाडौँको असनमा गएर गुन्युचोली ल्याएदिनुभएको थियो । कहिले लगाउन पाइएला भनेर कौतुहल भएको मेरो मन आखिरी दिन आयो ।

'ओहो ! मलाई आज बेहुलीझैं सिङ्गारिदिनुभयो त ।' मनमनै खुसी लागिरहेको थियो । म बिहानैदेखि पूजा गर्न बसेकी थिएँ । उक्त दिन मेरो स्कूल नवोदयबाट सबैजना आउनुभएको थियो । म कक्षा २ मा पढ्थेँ ।

मलाई कक्षामा सिकाउने सम्झना, अनिशा, सुमिना र पूजा गुरुआमाहरु आउनुभएको थियो । गुरुआमाहरुलाई देख्ने बित्तिकै अङ्गालो हाल्न पुगेछु । अनायासै खुसीले मेरो आँखाबाट आँसुका धाराहरु बग्न थालेछन् ।

कक्षा २ का गुरुआमाहरु मिलेर उपहार ल्याइदिनु भएको रहेछ । मलाई उपहार भित्र के होला भनेर खुल्दुली भइरहेको थियो । बेलुका सबै लुगा, चुरा, सिरबन्दी आदि कुराहरु खोलेर म उपहार खोल्न लागेँ । गुरुआमाले ल्याइदिनु भएको उपहारमा त एउटा खुत्रुके र एउटा गुडिया पो रहेछन् त ।

*कक्षा ३, नवोदय शिशु सदन*

# मेरो देश



**श्रीषा भट्टराई**

नेपाल नै राम्रो
गौतम बुद्ध जन्मिएको
सगरमाथा भएको
प्यारो देश हाम्रो

मित्रताको हात
सबैको साथ
छ हाम्रो देशमा
नेपालीको शिरमा

जडिबुटीको खानी यहाँ
स्वच्छ हावापानी पाइन्छ जहाँ
धेरै चाड र पर्व
मनाउँदा लाग्छ नै गर्व
प्यारो देश हाम्रो
नेपाल नै राम्रो

*कक्षा ३, नवोदय शिशु सदन*

# म हुँ फलाम

**पुस्तक समीक्षा**



**आहाना न्यौपाने**

यो पुस्तकको नाम म हुँ फलाम हो । यस पुस्तकका लेखक रामबाबु सुवेदी हुन् । यो पुस्तकको प्रकाशन मिति २०७० साल हो । यस पुस्तक १२ हजार प्रति छापिएको छ । यस पुस्तकमा १६ पृष्ठ रहेका छन् ।

यस पुस्तक पढेर मैले फलाम खानीबाट निकालिन्छ । आरनमा फलामलाई विभिन्न आकार प्रकार दिएर फलामका सामानहरू बनाइन्छ । हलोमा प्रयोग हुने फाली पनि फलामबाट बन्छ । हँसिया र बसिला पनि फलामबाट बन्छ । कुटोले घैया र मकै गोड्ने काम गरिन्छ । फलामबाट बन्ने बञ्चरोले मुढा चिर्न र सिरुपाते खुकुरीले काट्ने काम गर्छ । फलामबाट कैँची, गल, झयाम्पल, तरबार, छड, ताप्के, कराही, चिम्टा, ओदान आदि बनाइन्छ भन्ने कुरा सिकेँ ।

*कक्षा-४, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौँडा-२*

# एकता

**पुस्तक समीक्षा**



**सोनिशा दङ्गाल**


मैले पढेको पुस्तकको नाम एकता हो । यस पुस्तकका लेखक लीजा तुलाधर हुन् । यस पुस्तकको प्रकाशन मिति २०६४ साल हो । यस पुस्तकमा १५ वटा पृष्ठ संख्या छन् ।

यस पुस्तक पढेर मैले एक थुकी सुकी, सय थुकी नदी जस्तै एकतामा धेरै बल हुन्छ । जुनसुकै अप्ठ्यारो, गाह्रो काम भएपनि एकजुट भएर काम गरियो भने सफल भइन्छ भने, हामीले एकअर्कालाई सहयोग गर्न पछि हट्नु हुन्न । अरुको नोक्सान हुने काम पनि गर्नु हुँदैन । अरुलाई दुःख दियो भने आफूले पनि दुःख पाइन्छ भन्ने बुझ्ने अवसर रह्यो । त्यही भएर हामीले सोचेर काम गर्नुपर्छ भन्ने कुरा सिकेँ ।

*कक्षा-४, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौँडा-२*

# धूमधामको घुमघाम

**भाइबहिनीका किताब**




लेखकः कनकमणि दीक्षित
चित्रः सुभाष राई
प्रकाशकः रातो बङ्गला किताब
मूल्यः रु. ३००/-
उमेर समूहः ८ वर्षदेखि १४ वर्ष ।

हामीमध्ये धेरैलाई नयाँ ठाउँहरु घुम्न मन पर्छ । भाइबहिनीहरुले त नेपालका धेरै ठाउँ घुम्न बाँकी नै छ । नेपालका विभिन्न ठाउँ घुम्नुअघि भाइबहिनीले 'धूमधामको घुमघाम' पढ्नुभयो भने गज्जब हुन्छ ।

यो किताबमा भक्तप्रसाद नाम गरेका एउटा पात्र छन् जो मानिस नभई भ्यागुता हुन् । यो पुस्तकमा काठमाडौं उपत्यकाबाट निस्केर भक्तप्रसादले तराईदेखि हिमालसम्मको भ्रमण गर्दाका रोचक कुराहरु छन् । काठमाडौं उपत्यकाको इचङ्गु भन्ने ठाउँमा जन्मेको भक्तप्रसादलाई सानैमा अरु भ्यागुताभन्दा धेरै कुरा जान्ने र बुझ्ने इच्छा हुन्छ ।

भ्यागुतो भएर पनि एउटै कुवामा मात्र बस्न नचाहने जिज्ञासु भक्तप्रसादले एक दिन जीवनमा कुनै उद्देश्य हुनुपर्छ भन्ने निश्चय गर्छ । आफू बसेको खेतभन्दा परको संसार बुझ्ने लालसाले उसले आफ्नो हजुरबुबा बुद्धिप्रसादलाई रिझाएर नेपाल यात्रामा निस्कन्छ । यात्राको क्रममा विभिन्न ठाउँ पुग्दै गर्दा उसले त्यहाँका मानिसहरु, उनीहरुका संस्कृति, भौगोलिक बनावट, मौसम आदिका बारेमा धेरै कुरा बुझ्ने अवसर पाउँछ । एउटा फुच्चे भ्यागुतोले यत्रो नेपालको भ्रमण गरिसकेर आफ्नो घर फर्कन सक्छ कि सक्दैन होला ?

लेखक कनकमणि दीक्षितले सुरुमा अंग्रेजीमा लेख्नुभएको यो किताबलाई बसन्त थापा र विप्लल प्रतीकले नेपालीमा अनुवाद गर्नुभएको हो । हेटौँडामा यो किताब पढ्न चाहने भाइबहिनीहरुका लागि भैरवरोडमा रहेको किताबघरमा 'धूमधामको घुमघाम' उपलब्ध छ है !

# हार



**निस्वत देवकोटा**

हो आज म हारेँ
मेरा प्रयास,
आशा अनि विश्वास आज मैसँग हारेँ
तर धेरै खुशी छु म
सायद हारमा पनि जीत् खोज्ने म
त्यो हारले मन डगमगाएको छ ।

मेरो मनको उर्जा आज
कुनै आँधी हुरीले निभाउन सक्दैन ।
त्यो कालो रातपछि सुनौलो बिहानी जस्तै
मलाई हारेर सिक्न मन छ,
हजारौं सपनाले सिङ्गारिएका
यी कञ्चन आँखामा जागृत गराएका सपनाहरु
झल्झल्ती आइरहेका छन् ।
बेस्सरी धड्किएको मुटुको आवाजलाई पछ्याउँदै
आफ्नो लक्ष्यको नजिक पुगेको छु
त्यसैले मा धेरै खुसी छु
कि ! आजको मेरो हार भोलिको जित बन्ने छ ।

*कक्षा-९, विद्यासागर इंग्लिस बोर्डिङ स्कूल*
*निजगढ-७, बारा*

# सपना



**क्रिस्टिना मोक्तान**

छन् मेरा पनि सपना तिम्रो जस्तै
छन् मेरा पनि आशाहरु तिम्रो जस्तै
होला कति गाह्रो आउलान् कति समस्या
अन्तिमसम्म गर्ने नै छु प्रयास

सानो हुँदाको चाहना र ठुलोको सपना
सपना सपना मै सीमित नहोस् भनेर
म मेरै यी साना-साना पाइला चालिरहेको छु
आफ्नै रफ्तार अनि आफ्नै गतिमा

यी आँखाले देखाएका सपना र
यी मनले रोजेको बाटो कहिल्यै न फेरुन्
सपना त ठुलो छ मेरो पनि
खै कसले देख्छ र सानो सपना पनि !

बस यत्ति हो कि !
परिवार माया र साथीको साथ
सधैं रहुन मसँग
ताकी संसार जित्न सकूँ

*कक्षा-९, विद्यासागर इंग्लिस बोर्डिङ स्कूल*
*निजगढ ७ बारा*

# मुक्तक




**सुमी थिङ**

१
मलाई लाग्छ मेरो देशमा मोहनी शक्ति छ
कोही हिन्दू कोही बौद्ध सबैको भक्ति छ
यी सबै सौन्दर्यले भरिएको मेरो देशमा
यहाँ इमानदारी र असल भावना भएका व्यक्ति छ ।

२
पाखा पखेरी अनि भञ्ज्याङमा मेरो मन उडेको छ
आज सहरतिर भन्दा पनि गाउँघरतिरको माया बढेको छ
प्रदूषणले भरिएको निसासिएको जीवन बाँच्न गाह्रो भएपछि
नेपालकै प्राकृतिक सुन्दरतामा यो मन रमेको छ ।

*कक्षा-९, अमर मावि, हेटौँडा-१*

# फूलबारी



**सुबोध खनाल**

फूलबारीमा फूलेका छन्, रङ्गीचङ्गी फूल
त्यही फूलमा डुल्न आउँछन्, पुतलीका हुल,

रङ्गीचङ्गी फुल हेर्दा मन हुन्छ दङ्ग
खेल्न मन लाग्छ मलाई सधैं फूलसँग

लगाउनु हुन्छ आमा फूलबारीमा फूल
कोपिलालाई टिप्ने हामीले गर्नु हुल भुल

फूलबारीले बनाउँछ हाम्रो घरलाई राम्रो
फूलमा पानी हाल्ने कर्तव्य हो हाम्रो

झारपात उखेलेर मल राख्ने पानी
फूल जस्तै बनाऔं हामीले हाम्रो आनीबानी

कक्षा-५, जेनिथ सेकेण्डरी स्कूल, हेटौँडा-५

हेटौँडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।



साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौँडा रिफरेन्स ल्यावरोटरी

हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

### बागमती रंगशाला अन्तिम चरणमा

# सातौं संस्करणको बागमती गोल्डकप आयोजना गरिने

रवीन्द्र वाईबा

हेटौंडाः पूर्वी मकवानपुरको बागमती गाउँपालिकाले आफ्नै लगानीमा फुटबल रंगशाला निर्माण गरिरहेको छ । वडा नम्बर ४ स्थित झुरझुरेमा निर्माणाधीन सहिद स्मृति रंगशालाको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । पालिकाले गत आर्थिक वर्ष २०८०/०८१ को असोज १७ गते ठेक्का आह्वान गरी रंगशाला निर्माणको काम अगाडि बढाएको हो ।

उक्त निर्माणाधीन रंगशालामा सातौं संस्करणको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगितासमेत आयोजना गर्ने तयारीका साथ गाउँपालिका अघि बढेको छ। यसअघि प्यारापिटसहितको खेलमैदान नहुँदा पहिलोदेखि छैटौं संस्करणसम्म वडा नम्बर ८ स्थित जनता माविको खेल मैदानमा प्रतियोगिता आयोजना गरेको पालिकाले यसपटक भने आफ्नै रंशगालामा प्रतियोगिता गराउने तयारी गरेको हो ।

रंगशाला निर्माण आयोजनाको प्राविधिक अनुमानित लागत ३ करोड ७८ लाख १५ हजार ४ सय ८२ रुपैयाँ रहेको छ । आयोजनाको ठेक्का मकवानपुरको हेटौंडा-५ को सञ्जय निर्माण सेवा प्रालिले पाएर अहिले काम गरिरहेको छ। आयोजनाको ठेक्का रकम ३ करोड ९ लाख ५२ हजार ७ सय ५७ रुपैयाँ रहेको छ ।

निर्माण कम्पनीले १५.९९ प्रतिशत न्यून रकम कबोल गरेर ठेक्का हात पारेको गाउँपालिकाका सवइन्जिनियर राजेन्द्र हादुर बोहराले जानकारी दिनुभयो । गाउँपालिका र निर्माण व्यवसायीबीच गत माघ ४ गते सम्झौता भएको र सम्झौताअनुसार आयोजनाको निर्माण कार्य चालु आर्थिक वर्षको माघ ३ गतेसम्ममा सम्पन्न गर्नुपर्ने सवइन्जिनियर बोहराले बताउनुभयो ।



### कति भयो निर्माण कार्यको प्रगति ?

रंगशाला निर्माण कार्य अहिले अन्तिम चरणमा पुगेको छ । हालसम्म रंगशालाको निर्माण कार्य करिब ८७ प्रतिशत सम्पन्न भएको अर्का सवइन्जिनियर काशी रावलले बताउनुभयो । अब बाँकी कार्य एक महिनाभित्र सकाउने निर्माण कम्पनीको दाबी छ । निर्माण सम्पन्न भएपछि रंगशालामा दुबो हाल्ने र घेराबारका कार्य हुनेछ। सोही रंगशालामा पालिकाले सातौं संस्करणको गोल्डकपसमेत आयोजना गर्ने तयारी गर्दैछ ।

### कस्तो बन्दैछ रंगशाला ?

२२ हजार ९ सय २५ वर्गमिटर क्षेत्रफलमा निर्माणाधीन रंगशालाको खेलमैदानको उत्तर-पश्चिम दिशामा ६२ मिटर लम्बाई र १२.५ मिटर चौडाईको प्यारापिट बन्दैछ । प्यारापिट करिब २ हजार ५ सय दर्शक अटाउने क्षमताको रहेको छ। अहिले रङ्गशालाको ट्रस (छाना) सहितको प्यारापिट, ड्रेन (नाला), फेन्सीङ वायरसहितको घेराबार, ड्रेस चेञ्जिङ रुम, शौचालयको निर्माण कार्य भइरहेको सवइन्जिनियर रावलले जानकारी दिनुभयो। रंगशालाको खेलमैदान, एथ्लेटिक्स ट्र्याक, मिनी ग्राउण्ड निर्माणलगायतका कार्य गाउँपालिकाबाट गरिरहेको र थप केही काम जनश्रमदानमार्फत् पनि भइरहेको उहाँले बताउनुभयो ।

### सातौं बागमती गोल्डकप यहि रंगशालामा गर्छौं: अध्यक्ष सर्केश घलान

बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलानले पालिकाले हरेक वर्ष आयोजना गर्दै आइरहेको गोल्डकप उक्त रंगशालामा आयोजना गरिने बताउनुभएको छ । सातौं संस्करणको बागमती राष्ट्रिय गोल्डकप फुटबल प्रतियोगिता उक्त रंगशालामा आयोजना गर्ने तयारीका साथ पालिका अघि बढेको उहाँले बताउनुभयो ।

अध्यक्ष घलानका अनुसार अहिले रंशगाला निर्माणको प्रगति ८७ प्रतिशत भएकाले अबको एक महिनाभित्रमा रंगशालाको निर्माण कार्य सम्पन्न हुनेछ । निर्माण कम्पनीले पनि एक महिनाभित्र कार्य सम्पन्न गर्ने बताएको उहाँले जानकारी दिनुभयो। युवाहरुलाई खेलकुदमा जोड्न सरकारले वातावरण पनि तयार गर्नुपर्ने उहाँको भनाइ छ। जसमा भौतिक संरचना महत्वपूर्ण हुने भन्दै उहाँले गाउँपालिकाले आफ्नै बजेटमा मिनी रंगशालामा निर्माण गर्न लागि परेको बताउनुभयो ।

पालिकाले व्यावसायिक र राष्ट्रिय खेलाडी उत्पादनका लागि जग बनाउने काम गरेको उहाँको दाबी छ । गाउँपालिकाले खेलकुदमा गरिरहेको लगानीको विस्तारै नतिजाहरु पनि देख्न थालेको अध्यक्ष घलानले बताउनुभयो । अहिले बागमती गाउँपालिकाका किशोर खेलाडीहरु विभिन्न प्रतियोगिताका लागि विभिन्न उमेर समूहमा छनौट भइरहेका छन् । विगतमा भन्दा खेलकुद क्षेत्र पनि सुधार हुँदै गइरहेको भन्दै उहाँले सरकारले अब खेलाडीहरुलाई व्यावसायिक खेलाडी बनाउन लगानी गर्नुपर्ने बताउनुभयो। राज्यले खेलाडीलाई खेलमा भविष्य देखाउन सक्नुपर्ने भन्दै उहाँले तीन वटै तहका सरकारले विशेष प्राथमिकता दिएर लगानी खेर जान नदिने गरी काम गर्नुपर्ने बताउनुभयो ।

अध्यक्ष घलानले गाउँपालिकाभित्र आवश्यकताअनुसार अरु खेल मैदान निर्माण गर्ने बताउनुभयो। गाउँपालिकाको स्रोत साधनको प्रयोग गर्दै युवाहरुलाई पनि सहभागी गराई काम गर्ने उहाँले बताउनुभयो । अध्यक्ष घलान, बागमती प्रदेशसभाका सदस्य प्रेमबहादुर पुलामी, गाउँपालिकाका कर्मचारीलगायतका टिमले शनिबार रंगशालामा श्रमदानसमेत गरेका थिए । शनिबार रंगशालामा माटो फिलिङ गर्ने र सतह मिलाउनेजस्ता अन्य कामहरु भएको थियो । शनिबारको दिन पारेर सबै जनालाई श्रमदानमा जोड्न रंगशालामा श्रमदान आयोजना गरिएको अध्यक्ष घलानले बताउनुभयो । सबैजना श्रमदानमा जोडे राज्यको कम लगानीमा पनि परिणाम दिने काम हुने उहाँ बताउनुहुन्छ । उहाँले युवाहरुलाई खेलकुदको माध्यमबाट विकासमा जोड्नुपर्ने पनि बताउनुभएको छ ।

# मौद्रिक नीति व्यवसायीमैत्रीः मउवा संघ

समाज संवाददाता

हेटौंडाः मकवानपुर उद्योग वाणिज्य संघ (मउवा संघ) ले आर्थिक वर्ष २०८१/८२ का लागि ल्याइएको मौद्रिक नीतिको स्वागत गरेको छ । एक धारणापत्र सार्वजनिक गर्दै मउवा संघले सरकारले ल्याएको मौद्रिक नीति व्यवसायीमैत्री भएको भन्दै नीतिको स्वागत गरेको हो ।

मउवा संघ मकवानपुरका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवालले मुलुकको अर्थतन्त्रलाई थप गतिशील बनाउने उद्देश्यका साथ केन्द्रीय बैंकले सार्वजनिक गरेको मौद्रिक नीतिलाई आफूहरुले स्वागत गरेको र यो नीति व्यवसायीमैत्री भएको बताउनुभएको छ । मौद्रिक नीतिमार्फत् बैंकदर ७ प्रतिशतबाट ६.५ प्रतिशत र नीतिगत दर ५.५ प्रतिशत कायम गरिनु सकारात्मक रहेको उहाँले बताउनुभयो । चर्को बैंक ब्याजदरले शिथिल निजी क्षेत्रलाई यसले सहजता प्रदान गर्ने विश्वास लिएको उहाँको भनाइ छ ।

मुद्रास्फिती ५ प्रतिशत कायम राख्ने, कर्जा वृद्धिदर १२.५ प्रतिशत पुर्‍याउने, संस्थागत शेयर धितो कर्जामा २० करोडको सीमा खारेज तथा चालु पुँजी कर्जामा सहुलियततर्फ २०८२ सम्म कर्जा समायोजन गर्न पाउने विषय समेटिनु स्वागतयोग्य भएको धारणापत्रमा उल्लेख गरिएको छ । असल कर्जामा विद्यमान १.२० प्रतिशत कर्जा नोक्सानी व्यवस्था घटाएर १.१० प्रतिशत कायम गरिनु, चेक अनादरलाई आधार मानेर कालोसूचीमा राख्ने र बैकिङ्ग कारोबार बन्देज हुने गरी खाता रोक्का राख्ने व्यवस्था परिमार्जन गरी विद्यमान कर्जा सूचना तथा कालोसूची सम्बन्धी निर्देशिकामा पुनरावलोकन गरिने व्यवस्थाले व्यवसायीहरुलाई राहत प्रदान गर्ने संघको विश्वास रहेको पत्रमा उल्लेख गरिएको छ ।

यद्यपि संस्थागत सेयर कारोबारलाई प्रोत्साहन गर्न २० करोडको सीमा हटाए पनि ५० लाख माथिको कर्जा प्रवाहको जोखिमभार शतप्रतिशत कायम गरिनुपर्ने एवम् मूल्याङ्कनको सीमा ८०:२० को अनुपातमा कायम गरिनुपर्ने माग पूरा हुन नसकेको अध्यक्ष गुप्ताको भनाइ छ । आर्थिक ऐन र मौद्रिक नीतिको प्रभावकारी समन्वयमार्फत् आगामी दिनमा अर्थतन्त्र चलायमान हुने, कर्जा विस्तारलाई सहयोग पुग्ने तथा समग्र उत्पादक, वितरक एवम् उपभोक्तालाई राहत प्रदान गर्नेछ भन्ने विश्वास लिएको पनि उहाँले बताउनुभयो ।

# खतिवडाद्वारा आँखा अस्पताललाई चश्मा हस्तान्तरण

समाज संवाददाता

हेटौंडाः भूटनदेवी माध्यमिक विद्यालयका पूर्वशिक्षक बद्रीप्रसाद खतिवडाले हेटौंडा सामुदायिक आँखा अस्पताललाई ३ सय ३९ वटा चश्मा हस्तान्तरण गर्नुभएको छ । खतिवडाले मंगलबार अस्पतालका संरक्षक सिद्धिलाल श्रेष्ठ र व्यवस्थापक सुधीर श्रेष्ठलाई चश्मा हस्तान्तरण गर्नु भएको हो ।

सोमबार खतिवडाले आँखा अस्पतालमा मोतिविन्दुको शल्यक्रिया गर्नु भएको थियो । खतिवडाले नजिकको हेर्न सहज हुने चश्मा हस्तान्तरण गर्नुभएको अस्पतालका व्यवस्थापक श्रेष्ठले बताउनुभयो ।

अस्पतालले हस्तान्तरण भएका चश्माहरु निःशुल्क उपचार गर्ने बिमारीलाई वितरण गर्ने श्रेष्ठको भनाइ छ । यसअघि सामुदायिक आँखा अस्पतालमा बागमती प्रदेशसभा सदस्य मुनु सिग्देलले ४ सय ५० वटा चश्मा हस्तान्तरण गर्नुभएको थियो ।

## त्रिभुवन माध्यमिक विद्यालय

हेटौंडा-११, नवलपुर

### सूचीदर्ता गर्ने सम्बन्धी सूचना

(प्रथमपटक सूचना प्रकाशित मिति २०८१।०४।१६)

यस विद्यालयका लागि आ.व. २०८१/०८२ मा आवश्यक पर्ने निम्नलिखित अनुसारका मालसामान, सेवा, खरिद तथा मर्मत कार्यका लागि इजाजतप्राप्त फर्म, कम्पनि तथा सेवाप्रदायकहरुले दरखास्त फाराम साथ प्रचलित नियमानुसार मूल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र (भ्याट/पान), फर्म दर्ता नवीकरण भएको प्रमाणपत्रहरुको र आ.व. २०८०/०८१ को करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति संलग्न गरी सूचीदर्ताको निमित्त छुट्टा-छुट्टै सूची तयार गरी विद्यालय प्रशासन खुल्ने समय (बिहान १०:००- दिनको ४:०० बजे) भित्र सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवेदन दर्ता गर्न आब्हान गरिन्छ। रीत नपुगी र म्याद नाघी आएका निवेदनउपर कुनै कारबाही हुने छैन ।

**दर्तागर्नुपर्ने सूचीहरु :**

१) कार्यालय उपकरण : कम्प्युटर, युपीएस, प्रिन्टर, फोटोकपी, टेलिफोन, फायर एक्सटिङगुइसर, ब्याट्रि, स्टेवीलाइजर लगायत इलेक्ट्रोनिक उपकरणहरु आपूर्ति कार्य,
२) प्रिन्टर, फोटोकपी आदि उपकरणमा लाग्ने टोनर, कार्टेज एवम् अन्य पार्टपूर्जा आपूर्ति कार्य,
३) फर्निचर तथा फर्निसिङ सामानहरु आपूर्ति कार्य,
४) इलेक्ट्रिक तथा इलेक्ट्रोनिक उपकरणहरुको मर्मत सम्भार कार्य,
५) भवन, फर्निचर, फर्निसिङसम्बन्धी मर्मत सम्भार कार्य,
६) इलेक्ट्रिक सामान आपूर्तिसम्बन्धी कार्यहरु,
७) खानेपानी धारा, टंकी आपूर्ति तथा मर्मतसम्बन्धी कार्यहरु,
८) सि.सि. क्यामेरा ए.सी. आपूर्ति तथा मर्मतसम्बन्धी कार्यहरु,
९) शौचालयका सामान, सरसफाईसम्बन्धी केमिकल तथा सामानसम्बन्धी कार्य,
१०) पाठ्यपुस्तक आपूर्ति, फोटोकपी पेपर, लेटर प्याड, खाम, उत्तरपुस्तिका छपाई तथा मसलन्दसम्बन्धी अन्य कार्यहरु,
११) स्टिल, फलाम तथा सोबाट बनेका सामानहरु आपूर्ति तथा मर्मतसम्बन्धी कार्यहरु,
१२) उत्तरपुस्तिका, पाठ्यपुस्तक आपूर्ति गर्ने कार्यहरु ।

**विस्तृत जानकारीका लागि**
**९८४५०२८३४९, ९८५५०१०७६९**

के तपाई आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०

# वेद विद्यालयलाई फिल्टर हस्तान्तरण

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-१०, गोरक्षेश्वर दिव्यधामस्थित संस्कृत वेद विद्यालयलाई खानेपानी फिल्टर हस्तान्तरण गरिएको छ । सोमबार पूर्वी नवलपरासी जिल्लाका बासिन्दा प्रमोद आचार्यले स्थानीय मधु पौडेलमार्फत् विद्यालयलाई फिल्टर प्रदान गर्नुभएको हो ।

पौडेल सोमबार प्रधानाध्यापक गोपालकृष्ण अधिकारीलाई फिल्टर हस्तान्तरण गर्नुभएको थियो । हस्तान्तरण कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामकृष्ण थापा, सदस्य सूर्य नेपाल र गीता श्रेष्ठलगायतको उपस्थिति रहेको थियो। विभिन्न संघसंस्था, स्थानीय व्यक्तिहरुले जन्मोत्सव, वार्षिकोत्सवको अवसरमा विद्यालयमा खाद्य सामग्री हस्तान्तरण गर्ने गरेको प्रधानाध्यापक अधिकारीले बताउनुभयो । विद्यालयले निरन्तर सहयोग पाइरहेको उहाँको भनाइ छ । हाल विद्यालयमा ३७ जना विद्यार्थी अध्ययनरत छन् ।

## नेपाल फलफूल तथा तरकारी व्यवसायी संघ

हेटौंडा–१, मकवानपुर

### सूचना सूचना सूचना

(प्रथमपटक सूचना प्रकाशित मिति २०८१।०४।१६)

उपरोक्त सम्बन्धमा यस नेपाल फलफूल तथा तरकारी व्यवसायी संघका सम्पूर्ण व्यवसायीहरुका आजीवन र साधारण सदस्य छानबिन गर्न मिति २०८१/०३/१५ गते बसेको बैठकले निर्णय गरेको र नयाँ सदस्य वितरण र नवीकरण मिति २०८१/०४/०४ गते बसेको बैठकले निर्णय गरेको हुनाले सम्पूर्ण व्यवसायी सदस्यहरु सूचना प्रकाशन भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस संस्थाको कार्यालयमा आई सम्पर्क गरिदिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

(**नोट**: केही समस्या परेमा तल दिइएको नम्बरमा सम्पर्क गर्नुहोला ।)
सम्पर्क नम्बरः
नवराज शर्मा पौडेल ९८६६६३९२८२, ९८६५०१२०३९
कृष्ण प्रसाद हुमागाई ९८४५८२८५७७, ९८५५०२८५७७
सन्तोषी बर्तौला ९८५५०३०६१६
ऋषि सापकोटा ९८५५०३४७०५
बिमल पौडेल ९८५५०१७१५९

## शिक्षक आवश्यकता

दोस्रोपटक सूचना प्रकाशित मितिः २०८१/०४/१६

यस जीएस निकेतन माविका लागि तपसील बमोजिम शिक्षक, कर्मचारी करारमा नियुक्त गर्नुपर्ने भएकोले तापशिलको योग्यता पुगेका इच्छुक योग्य नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ ।

| क्रस | पद | विषय | संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | माध्यमिक शिक्षक | अ. गणित | १ | मुख्य विषय गणित लिई बीए/बीएड उत्तीर्ण |
| २ | प्राथमिक शिक्षक | गणित | १ | मुख्य विषय गणित लिई १२ कक्षा उत्तीर्ण |
| ३ | प्राथमिक शिक्षक | नेपाली | १ | मुख्य विषय नेपाली लिई १२ कक्षा उत्तीर्ण |
| ४ | प्राथमिक शिक्षक | कम्प्युटर | १ | मुख्य विषय कम्प्युटर लिई १२ कक्षा उत्तीर्ण |
| ५ | कार्यालय सहायक/आइटी सहयोगी | प्रशासन | १ | वाणिज्य संकायमा कम्प्युटर लिई १२ कक्षा उत्तीर्ण। अनुभवी दक्षलाई प्राथमिकता (पहिले प्रयोगात्मक परीक्षा हुनेछ ।) |

आवेदन दिने अन्तिम मिति : २०८१/५/२ गते दिनको ४ बजेसम्म
उमेरः १८ बर्ष पुरा भई ४० ननाघेको
लिखित परीक्षा : २०८१/५/३ गते दिनको १ बजे
आवश्यक कागजात : नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, हस्तलिखित निवेदन र पासपोर्ट साइजको फोटो ।
आवेदन शुल्क : प्राथमिक शिक्षक/कार्यालय सहायकः १५००/-
माध्यमिक तहः २,०००/-
परीक्षाको किसिम : लिखित, अन्तरवार्ता र कक्षा अवलोकन ।
पाठ्यक्रमः मावि तहका लागि शिक्षक सेवा आयोगको विषयगत पाठ्यक्रम १०० अंक र प्राथमिक तहका लागि निमावि तहको सम्बन्धित विषयगत पाठ्यक्रम । कार्यालय सहायकका लागि विद्यालयले उपलब्ध गराउनेछ ।

**ज्ञानदीप शिक्षा (जीएस) निकेतन मावि**
हेटौंडा-५, भैरवरोड
०५७-५२३४१५/९८५५०६९१८४/९८५५०६९२८४

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ